नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(सहकारी व्यवसाय प्रवर्द्धन तथा संघ संस्था समन्वय शाखा)
सिंहदरबार, काठमाडौं
फोन : ९७७-०१-४२११६६६

पत्र संख्या:- १.६/स.व्य.प्र./२०८२/०८३
च.नं. १४४

मिति:- २०८३/०३/०२
नेपाल संवत् ११४६

विषय:- सहकारी संस्था अद्यावधिक गर्ने सम्बन्धमा।

श्री स्थानीय तह (सबै)।

प्रस्तुत विषयमा मिति २०८३/१/१७ मा जारी भएको सहकारी (पहिलो संशोधन) अध्यादेश, २०८३ ले सहकारी संस्थाहरुले वार्षिक रुपमा दर्ता अधिकारीबाट अद्यावधिक गराउनुपर्ने र वचत तथा ऋणको मूख्य कारोवार गर्ने सहकारी संस्थाहरुले वित्तीय कारोवार सञ्चालनको लागि राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट इजाजतपत्र लिनुपर्ने, परिवार वा नातेदार मार्फत् लगानी गरी सहकारीको सम्पत्ति दुरुपयोग र अपचलन गर्ने जोसुकैलाई कानूनी कारवाहीको दायरामा ल्याउन सकिने गरी परिभाषित गरिएको, सहकारी नियमनमा प्राधिकरणलाई थप अधिकार सम्पन्न वनाइएको, ऋण असुली र वचत फिर्तालाई विशेष प्राथमिकतामा राखिएको, स्थानीय तह र प्रदेश सरकारको नियमन क्षेत्राधिकारभित्रका सहकारी संस्थाको अनुगमन, समस्याग्रस्त घोषणा र व्यवस्थापन सम्वन्धित प्रदेश तथा स्थानीय तहको कानून बमोजिम हुने लगायतका विषयहरू समेटिएको व्यहोरा विदितै छ।

अधिकांश सहकारी संस्थाहरु प्रदेश तथा स्थानीय तहको नियमन क्षेत्रमा रहेको सन्दर्भमा संघ, प्रदेश तथा स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २२ को उपदफा (१) वमोजिमको विषयगत समितिको मिति २०८२/१२/२६ मा बसेको वैठकको निर्णय, मिति २०८३/१/१० मा जारी भएको समस्याग्रस्त सहकारी संस्थाका वचतकर्ताको बचत फिर्ता चक्रीय कोष स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८३ तथा मिति २०८३/१/१७ मा जारी भएको सहकारी (पहिलो संशोधन) अध्यादेश, २०८३ वाट भएको संशोधित प्रावधानहरू कार्यान्वयनका लागि स्थानीय तहको नियमन क्षेत्राधिकारभित्रका सहकारी संस्थाको हकमा देहाय बमोजिमको व्यवस्था मिलाउनुहुन मिति २०८३/०३/०२ को निर्णयानुसार अनुरोध छ। साथै तहाँको स्थानीय तहको नियमन क्षेत्राधिकार भित्रका सहकारी संस्थाको अनुगमन, समस्याग्रस्त घोषणा र व्यवस्थापनका लागि समिति गठन गर्दा विज्ञ सेवा आवश्यक परेमा त्यस्तो सेवा उपलब्ध गराउन एवं अन्तरनिकाय समन्वय र सहजीकरण गर्न सकिने व्यहोरा समेत अनुरोध छ।

तपसिल:

| क्र.सं. | क्रियाकलाप |
|---|---|
| १. | आफ्नो नियमन क्षेत्रका सबै सहकारी संस्थाहरूको नियमित अनुगमन गरी सहकारी मूल्य, मान्यता, सिद्धान्त र कानून बमोजिम सञ्चालन हुने व्यवस्था मिलाउने, |
| २. | आफ्नो नियमन क्षेत्रका सबै सहकारी संस्थाहरूलाई अनिवार्य रुपमा कोपोमिस प्रणालीमा आवद्ध गराउने, |

"व्यवसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन"

| | |
|---|---|
| ३. | सहकारी ऐन, (अध्यादेश समेत) को दफा ७३ को उपदफा (१ख.) बमोजिम सहकारी संस्था अद्यावधिक गर्ने गराउने, |
| ४. | सहकारी ऐन, (अध्यादेश समेत) को दफा १६क. बमोजिम बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाहरुले वित्तीय कारोवार सञ्चालनको लागि राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट इजाजतपत्र लिए नलिएको एकिन गरी प्राधिकरणसँग समन्वय गर्ने, |
| ५. | साधारण सभा तथा लेखापरीक्षण सम्पन्न नगरी दुई वर्षदेखि लगातार निस्क्रिय रहेका एवं कोपोमिसमा आवद्ध नभएका सहकारी संस्थाहरूको संक्षिप्त विवरण सहितको नामावली तयार गरी सहकारी विभागमार्फत् यस मन्त्रालयमा विवरण उपलब्ध गराउने, |
| ६. | बचत फिर्ता लगायतका गुनासो सम्वोधनको आवश्यक संयन्त्र/प्रणाली विकास गरी कार्यान्वयनमा ल्याउने र सो को अभिलेख राख्ने, |
| ७. | सहकारी संस्थालाई कर्जा सूचना केन्द्र र निक्षेप तथा कर्जा सूचना केन्द्रमा आवद्ध गराउन आवश्यक पहल गर्ने, |
| ८. | अनुगमन गरिएका, कारवाही (आदेश/निर्देशन, जरिवाना, अनुसन्धानको लागि लेखी पठाइएका विवरण अद्यावधिक गर्ने, |
| ९. | अनुगमनबाट वित्तीय जोखिमको अवस्था देखिए थप निरीक्षण तथा सुपरीवेक्षणका लागि प्राधिकरणसँग समन्वय गर्ने, |
| १०. | सहकारी प्रशासन (दर्ता, अनुगमन तथा खारेजी) र नियमन तथा सुपरीवेक्षणलाई प्रभावकारी वनाउन सहकारी सम्बन्धी संरचनागत र कानूनी सुधारका लागि सबै स्थानीय तहले पन्ध्र दिनभित्र मन्त्रालयको इमेल ठेगाना: cooperative@molcpa.gov.np मा सुझाव पठाउने। |

..............................
(रघुनाथ महत)
उपसचिव

**बोधार्थः-**
श्री राष्ट्रिय सहकारी नियमन प्राधिकरण, पुल्चोक, ललितपुर।
श्री सहकारी विभाग, नयाँ बानेश्वर, काठमाडौं।
श्री सूचना प्रविधि शाखाः वेभसाइटमा अपलोड गरिदिनु हुन।